**अनुसूची ९**
**खुल्ला प्रतियोगिताको लिखित परीक्षाको पाठ्यक्रम**

प्रशिक्षक र **उपप्राध्यापक पदको लागि**

**खण्ड क**

**१. सम्बन्धित विषयको ज्ञान**
म.प.वि. को स्नातकोत्तर तह (स्नातकोत्तर तह नभएको तहको कार्यक्रम नभएको विषयमा स्नातक तह) को हाल प्रचलित सम्बन्धित विषयको पाठ्यक्रम तथा विषयगत नवीन प्रवृत्ति (New Trend) लाई मुख्य आधार मानेर १० - १० अङ्कका दुई प्रश्नहरु र ५ - ५ अङ्कका तीन प्रश्नहरु ।

**खण्ड ख**

**२. सम्बन्धित पाठ्यक्रम सम्बन्धी ज्ञान**
म.प.वि. को हाल प्रचलित सम्बन्धित विषयको स्नातक तह र स्नातकोत्तर तहका पाठ्यक्रमका संरचना, तुलना, कमीकमजोरीहरु, सुधारका उपायहरु जस्ता क्षेत्रहरुबाट १० अङ्कको एक प्रश्न वा ५ - ५ अङ्कका दुई प्रश्नहरु।

**३. शिक्षण विधि र अनुसन्धान विधि**
शिक्षण विधिहरुको ज्ञान, यसको उपयोगिता र आफ्नो विषय / क्षेत्रमा यसको प्रयोग जस्ता क्षेत्रहरुबाट ५ अङ्कको एक प्रश्न र अनुसन्धान योजना, अनुसन्धान प्रस्ताव लेखन, पूर्व कार्यको समीक्षा, तथ्याङ्क संकलन, नमूना छनौट, विश्लेषण तथा आफ्नो विषय / क्षेत्रमा भएको अनुसन्धानको वर्तमान अवस्था जस्ता क्षेत्रहरुबाट ५ अङ्कको एक प्रश्न ।

**४. विषयगत समस्या र समाधान**
आफ्नो विषयसाग सम्बन्धित विषयगत कुनै प्राज्ञिक समस्या र सो समस्याको समाधान गर्ने उपायहरुको सम्बन्धमा १० अङ्कको एक प्रश्न ।

**५. मध्यपश्चिमाञ्चल विश्वविद्यालय सम्बन्धी ज्ञान**
मध्यपश्चिमाञ्चल विश्वविद्यालयको संगठनात्मक स्वरुप, म.प.वि. सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, विद्यापरिषद् र विषय समितिको गठन र काम कर्तव्य, उपकुलपति, सेवा आयोगका अध्यक्ष, रजिष्ट्रार, सेवा आयोगका सदस्य, एवम् डीनहरुको नियुक्ति प्रकिया र काम कर्तव्य तथा शिक्षकहरुको सेवा शर्त र सुविधा सम्बन्धी क्षेत्रबाट ५ अङ्कको एक प्रश्न ।

**द्रष्टव्य :** (क) सबै प्रश्नहरु अनिवार्य हुने छन् ।
(ख) भाषा विषय वाहेक अन्य सबै विषयको प्रश्नपत्र अंग्रेजी भाषामा हुनेछन् र तिनको उत्तर अंग्रेजी वा नेपाली भाषामा लेख्न सकिने छ । भाषा विषयको हकमा भने जुन भाषा विषय हो प्रश्नपत्र पनि सोही भाषामा हुनेछ र तिनको उत्तर पनि सोही भाषामा लेख्नु पर्नेछ ।

## सहप्राध्यापक पदको लागि

**१. विषयगत समस्या र समाधान**

आफ्नो विषयसाग सम्बन्धित विषयगत कुनै प्राज्ञिक समस्या र सो समस्याको समाधान गर्ने उपायहरुको सम्बन्धमा १० अङ्कको एक प्रश्न ।

**२. अनुसन्धान विधि**

अनुसन्धान योजना, अनुसन्धान प्रस्ताव लेखन, पूर्व कार्यको समीक्षा, तथ्याङ्क संकलन, नमूना छनौट, विश्लेषण, प्रतिवेदन लेखन तथा आफ्नो विषयक्षेत्रमा भएको अनुसन्धानको वर्तमान अवस्था जस्ता क्षेत्रहरुबाट १० अङ्कको एक प्रश्न वा ५ - ५ अङ्कका दुई प्रश्नहरु ।

**३. सम्बन्धित पाठ्यक्रम तथा नवीन प्रवृत्ति सम्बन्धी ज्ञान**

म.प.वि. को हाल प्रचलित सम्बन्धित विषयको स्नातक तह र स्नातकोत्तर तहका पाठ्यक्रमका संरचना, तुलना, कमीकमजोरीहरु, सुधारका उपायहरु तथा विषयगत नवीन प्रवृत्ति (New Trend) वा समसामयिक सवाल (Current Issues) लाई मुख्य आधार मानेर १० अङ्कको एक प्रश्न वा ५ - ५ अङ्कका दुई प्रश्नहरु ।

**द्रष्टव्य :** (क) सवै प्रश्नहरु अनिवार्य हुने छन् ।

(ख) भाषा विषय वाहेक अन्य सबै विषयको प्रश्नपत्र अंग्रेजी भाषामा हुनेछन् र तिनको उत्तर अंग्रेजी वा नेपाली भाषामा लेख्न सकिने छ । भाषा विषयको हकमा भने जुन भाषा विषय हो प्रश्नपत्र पनि सोही भाषामा हुनेछ र तिनको उत्तर पनि सोही भाषामा लेख्नु पर्नेछ ।